**मिति २०८०।१२।२९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १४ औं नगर कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१** नगर शिक्षा समितिको मिति २०८०।१२।२८ गतेको बैठकको निर्णयबाट नगर कार्यपालिकामा सिफारिस भए बमोजिम नगर भित्रका संस्थागत विद्यालयहरुमा शैक्षिक सत्र २०८१ को लागि तल उल्लेखित शुल्क लिन स्वीकृति दिने निर्णय गरियो ।

**तपसिलः**

| संस्थागत विद्यालयले लिने शुल्क कक्षा तथा तहगत र अधिकतम रकम (ग श्रेणीको विद्यालयको लागि) | | | |
|---|---|---|---|
| तह | एउटा सेक्सन/कक्षामा विद्यार्थीको औसत संख्या | अधिकतम मासिक शुल्क | कैफियत |
| पूर्व प्राथमिक (कक्षा ०) | ३० | २३०८।०० | अधिकतम |
| प्राथमिक (कक्षा १-५) | ३३ | २८७५।०० | प्रत्येक माथिल्लो कक्षामा रु ५० वृद्धि हुँदै जान सक्ने |
| निम्न माध्यमिक (कक्षा ६-८) | ३३ | ३१२७।०० | प्रत्येक माथिल्लो कक्षामा रु १०० वृद्धि हुँदै जान सक्ने |
| माध्यमिक (कक्षा ९-१०) | ३३ | ३९३४।०० | प्रत्येक माथिल्लो कक्षामा रु १५० वृद्धि हुँदै जान सक्ने |
| माध्यमिक (कक्षा ११-१२) | ४० | ४५२५।०० | प्रत्येक माथिल्लो कक्षामा रु २०० वृद्धि हुँदै जान सक्ने |

- 'ख' श्रेणीका विद्यालयका हकमा मासिक शुल्क माथि उल्लेख गरेको शुल्कमा बढीमा १५% र 'क' श्रेणीका विद्यालयले 'ख' श्रेणीका विद्यालयका विद्यालयको भन्दा थप १५% रकम सम्म थप गरी शुल्क निर्धारण गर्न सक्नेछन् ।
- शुल्कका अन्य आधारहरु निम्न अनुसार हुन सक्नेछन् ।

| क.सं. | शुल्क शीर्षक | अधिकतम् सीमा |
|---|---|---|
| १. | मासिक शुल्क | १ वर्षमा १२ महिनाको स्वीकृत मासिक शुल्क |
| २. | भर्ना शुल्क | भर्ना हुँदा विद्यालयको जुन कक्षामा भर्ना हुने हो एक पटक एक महिनाको मासिक शुल्क बराबर |
| ३. | परीक्षा शुल्क | एक वर्षमा एक महिनाको मासिक शुल्क बराबर |
| ४. | शैक्षिक सामाग्री | एक वर्षमा एक पटक मासिक शुल्कको १०% बराबर |
| ५. | वार्षिक शुल्क | प्रत्येक वर्ष दुई महिनाको शुल्क बराबर |
| ६. | स्थानान्तरण प्रमाणपत्र | एक महिनाको मासिक शुल्क बराबर |
| ७. | पानी, विजुली, टेलिफोन, इन्टरनेट, | एक वर्षमा एक पटक मासिक शुल्कको २०% भन्दा बढी नहुने गरी |
| ८. | विशेष प्रशिक्षण तथा कम्प्युटर | सेवा उपभोग गर्ने अभिभावक र विद्यालयको सहमतिमा निर्धारण गर्ने । |
| ९. | परिवहन | सेवा उपभोग गर्ने अभिभावक र विद्यालयको सहमतिमा निर्धारण गर्ने । |
| १०. | भोजन | सेवा उपभोग गर्ने अभिभावक र विद्यालयको सहमतिमा निर्धारण गर्ने । |
| ११. | धरौटी (फिर्ता हुने गरी) | एक वर्षमा ६ महिनाको मासिक शुल्क बराबर । |
| १२. | अन्तरविद्यालय प्रतियोगिता | एक वर्षमा एक पटक (अनिवार्य रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने) एक मासिक शुल्कको ३% बराबर । |
| १३. | शैक्षिक भ्रमण (राष्ट्रिय,अन्तर्राष्ट्रिय) | सेवा उपभोग गर्ने विद्यार्थीका अभिभावक र विद्यालयको सहमतिमा निर्धारण गर्ने । |
| १४. | इन्स्योरेन्श (मान्यता प्राप्त संस्थामा हुनु पर्ने) | वर्षमा एक पटक एक मासिक शुल्कको बढीमा १०% बराबर |
| १५. | प्रवेश परीक्षा | प्रवेश परीक्षा वापत वढीमा रु १०० र फारम वापत रु २५ सम्म । (स्थानन्तरण पत्र लिएर आउनेका लागि) |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख